# मेरा दुई छोराहरुका कहिल्यै भुल्न नसकिने वाल्यकालीन ती मीठा तोतेबोलीहरु

✍ नवराज सुब्बा (शान्ति चोक, बिराटनगर-६ मिति २०६०।२।२८)



हाम्रो दुई सन्तान कौशल राज र निश्छल राजको जन्मान्तर दश वर्षको छ। आजकल कहिले काहिं म मेरा दुई छोराहरुको अतित सम्भन्छु। उनीहरुको वाल्यकालका संस्मरणहरु केलाउने प्रयास गर्दछु। उनीहरुको मुखबाट निस्केको वाक्य मलाई दर्शन भैं लाग्छ। मलाई ती पलहरुको संभना आईरहन्छ।



यो २०४५।४६ सालको कुरा हो। कौशल करिव ४।५ वर्षको थियो। हामी त्यसबेला मोराहाङ्ग हेल्थ पोष्टमा थियौं। एकदिन कौशलकी आमा चन्चला हाट भर्नको लागि तेह्रथूमको सदरमुकाम म्याङ्गलुङ्ग लागिन्। कौशल चिच्याई चिच्याई उफ्रि उफ्रि रुन थाल्यो। निकै फकाउंदा पनि नमाने पछि नरो आमा भरे आईहाल्नु हुन्छ नी भन्दै छोरालाई मैंले एक दुई भापट दिएं। केहि बेरमा चुप लाग्यो। मलिन अनुहार लगाएर बारीमा गएर सधैं खेल्ने ठाऊँमा खेल्न थाल्यो। म संग रिसायो होला। बिचरा के गरोस म संग प्रतिरोध गर्न पनि त सक्दैन। मलाई पनि बच्चालाई पिट्न परेकोमा नरमाईलो लागिरहेथ्यो। ऊसको अनुहार देख्दा दुःख लाग्यो। केही बेर पछि छोरालाई बोलाएर काखमा राखें र केश सुम्सुमाएं। हातमा बोकेका ढुंगाहरु देखाउंदै कौशलले भन्यो - "बूबा, यी ढुंङ्गाहरु त रुदैनन् हगि"। मैले "हो बाबु रुदैनन्" भनें। नाबालक छोराले बिना अनुभव पनि बोलेको त्यो बाक्यले मेरो आँखा खोलि दियो। त्यो वाक्य मेरो कानमा यत्रो वर्ष पछि पनि गुञ्जिरहेछ।



मेरो कान्छो छोरो निश्छलराज जो दाजु भन्दा निकै चञ्चल छ। आज करिव पन्ध्र वर्ष पछि यो ७८ वर्षे वालक म नजिकै आमाको काखमा लुट्पुटिंदै आमालाई सोध्छ - "आमा, किन मैले सोचे जस्तो हुदैन ?" "किन के भयो" भनेर आमा सोध्छे। "यस्तो होस भनेर स्कूल जान्छु अर्कै हुन्छ अनि घरमा यस्तो होस भनेर सम्भदै आउँछु अर्कै हुन्छ" निश्छलले सोधेका जिज्ञाशालाई उस्की आमाले त्यस्तै हो बाबू भन्दै टार्छिन्। छेऊमा बसेर म सोच्छु यो सानो बालकले वास्तविक जीवनको अनुभूति कति छिटो पाएछ कठै भनेर एक पटक टिठ मानेर निश्छललाई हेर्छु। र म सोच्छ थाल्छु - यो वाल अनुभूति र ओठमा केवल वालापन मात्र हैन खोजेमा दर्शन लुकेको पाईदो रैछ।